# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ति

२०७६ चैत ९

### अत्यावश्यक वस्तु तथा सेवाको पहुँच र प्रभावकारी स्वास्थ्य परीक्षण सुनिश्चित गर ।

(सरकारका निर्णयहरुको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउ)

विश्वमा महामारीको रुपमा फैलिंदै गइरहेको कोभिड-१९ सङ्क्रमणले नेपाल लगायत विश्व समुदाय सन्त्रस्त र सङ्कटको अवस्थामा छ । सन्त्रासयुक्त अवस्थामा जीवनको अधिकारको रक्षा सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ ।

यो विश्वले नै सामना गरिरहेको सङ्कटको सम्बन्धमा नेपाल सरकारले गरेका निर्णयहरुको आयोग प्रशंसा गर्दछ । यस सङ्कटपूर्ण घडीमा नेपाल सरकारका निर्णयहरुको प्रभावकारी परिपालनामा गम्भीर हुन आयोग सम्बन्धित सबै पक्षसँग आग्रह गर्दछ । कोरोना प्रभावित देशहरुबाट हालै नेपाल भित्रिएका नागरिकहरुको प्रभावकारी स्वास्थ्य परीक्षण, क्वारेन्टाइन तथा आइसोलेसनमा राखी कडा निगरानी गर्न र दैनिक जीवनका अत्यावश्यकीय सेवा तथा वस्तुहरुको पहुँचको सुनिश्चतता गर्न आयोग नेपाल सरकार लगायत प्रदायकहरुको ध्यानाकर्षण गराउँदछ ।

नेपाल सरकारले कोभिड-१९ विरुद्ध लड्न गम्भीरतापूर्वक आवश्यक तयारी गरिरहेको सन्दर्भमा देशका विभिन्न नाकाहरुबाट मानिसहरु प्रवेश गरिरहेको स्थितिले सङ्क्रमणको जोखिमलाई थप बढाउन सक्ने देखिन्छ । देशका सबै नाकाहरुमा आवश्यक स्वास्थ्य सुरक्षा सतर्कता र प्रभावकारी स्वास्थ्य परीक्षण सुनिश्चित गर्न जरुरी छ ।

अत: यस किसिमको सन्त्रासयुक्त समयमा अत्यावश्यक वस्तु तथा सेवाको पहुँच सुनिश्चित गर्नेतर्फ सचेत रहँदै त्यसको प्रभावकारी अनुगमन गर्न गराउन आयोग नेपाल सरकार तथा सम्बद्ध उद्योग व्यवसायीहरु समेतलाई आग्रह गर्दछ । साथै, आफ्ना अधिकारप्रति सचेत रहँदै सरकारको निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, गराउन आमनागरिक तथा सरोकारवालाहरुमा आयोग विशेष आग्रह गर्दछ ।

.....................

वेद भट्टराई

सचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org